# श्रीमद्भगवद्गीताको

# गीतासार



लेखनाथ पौड्याल

# श्रीमद्‌भगवद्‌गीताको गीतासार

(खण्डकाव्य)

लेखनाथ पौड्याल

साहित्यरस

**साहित्यरस**

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. १९७५

**ईपुस्तकको स्रोत**

*प्रकाशक* : ज्योति पौड्याल

*संस्करण* : पहिलो २०६२

*ISBN* :

---

**About this ebook edition**

*Originally created as epub*

*Created* : 2025-11-29, 10:33:37 UTC

*Latest minor Correction* : 2025-11-29, 10:33:37 UTC

*Sahityaras ebook id* : 20251129103337

**Cover art**

*Arjuna and Lord Krishna on the battlefield of Kurukshetra*

Unknown author, circa 1830

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची


पहिलो अध्याय

दोस्रो अध्याय

तेस्रो अध्याय

चौथो अध्याय

पाँचौं अध्याय

छैठौं अध्याय

सातौं अध्याय

आठौं अध्याय

नवौं अध्याय

दशौं अध्याय

एघारौं अध्याय

बाह्रौं अध्याय

तेह्रौं अध्याय

चौधौं अध्याय

पन्ध्रौं अध्याय

सोह्रौं अध्याय

सत्रौं अध्याय

अठारौं अध्याय

## श्रीमद्भगवद्गीताको
## गीतासार
# पहिलो अध्याय

**धृतराष्ट्र–**

(१)

उत्साहपूर्ण सब कौरवपाण्डवादि
जम्बा भईकन तहाँ दृढ वैर साधी
के के गरे? गर खुलस्त सबै बयान
हे धीर! सञ्जय! झिँजो मनमा नमान।

**सञ्जय–**

(२)

हे नाथ! पाण्डुसुतको सब सैन्य हेरी
आचार्यको चरणतर्फ गयेर फेरी
आज्ञा भयो नृप सुयोधनबाट एक
गाम्भीर्यसाथ गरि भित्र ठूलो विवेक।

(३)

सञ्चालित द्रुपदनन्दनले विशेष
देखिन्छ शत्रुबल नाथ! करालवेष

भीमाऽर्जुन द्रुपद भोज विराट आदि
	धेरै महारथी जहाँ छन सिंहनादी।

(४)

हाम्रा पनि हजुर, भीष्म र वीर कर्ण
	दुःशासनादि परिरक्षित यो उदीर्ण
सेना खडा छ छन ता, तर नाथ! उस्तो
	पर्याप्त छैन रणमा रिपुसैन्यजस्तो।

(५)

यै निम्तिमा अब हजूरहरू मिलेर–
	सेना विभाग जकडीकन भीष्मनेर
सारा खडा हुनुहवोस फुकाइ छाती
	आपत्ति पर्न नदिने गरि भीष्ममाथि।

(६)

राजेन्द्रको वचन यो सुनि हर्ष भारी
	वर्षाउँदै कुरु– पितामह धैर्यधारी,
गर्जेर सिंहसरि शंख झिकी तुरुन्त
	थाले बजाउन भरी सब दिग्दिगन्त।

(७)

भेरी र शंख, पणवानक, गोमुखादि
	बाजाहरू अरु पनि रणरङ्गनादी
लागे तहाँ बजन लाखन एकनास
	घन्काई पूर्ण सहसा गगनाऽवकाश।

(८)

थाले उतातिर पनी हरि, अर्जुनादि
	प्रत्येक शङ्ख सब फूकन दीर्घनादी
त्यै शब्दले सकल कौरवको तमाम
	सातो हऱ्यो भुवन नादित भो प्रकाम।

(९)

यै बीचमा धनु लिईकन फूर्तिसाथ
	बोले ति पार्थ हरिमा निहुराइ माथ
हे कृष्ण! यो रथ बढाउनुहोस पैले
	योद्धव्य शत्रु सब हेरदछू क्रमैले।

(१०)

यो बात पाण्डुसुतको सुनि, मर्म ताडी
	लानू भयो हरिजिले रथ क्यै अगाडि
हेरे पृथातनयले पनि एक एक
	योद्धव्य शत्रु सब मानि बडो उदेक।

(११)

तत्कालमा हृदय भो उनको भरङ्ग
	केही रहेन रण-रङ्गविषे उमङ्ग
आखीर राज्य-सुखको सब आश मारी
	बोले ति कृष्णसित शत्रु सबै निहारी।

(१२)

देखेर बन्धु सब ती रणतर्फ मस्त
साऱ्है शुक्यो वदन, अङ्ग गले समस्त
रोमाञ्चले जिउ जुरुङ्ग भयेर भारी
काँपीरहेछ भगवान्! सब आश मारी।

(१३)

छालाविषे पनि छ नाथ! अघोर दाह
भैंमा खस्यो धनु, मलाई भएन थाह
सामर्थ्य छैन अडिने पनि, छू अशक्त
मेरो मनै घुमिरहेछ बनी विरक्त।

(१४)

देखिन्न नाथ! शकुनादिक केहि सुल्टा
सारा निमित्तहरू देखदछू म उल्टा
आखीर यो समरमा सब बन्धु मारी
कल्याण हामिकन छैन कुनै मुरारि!

(१५)

हे कृष्ण! यो विजयको अभिलाष छैन
साम्राज्य-सौख्य पनि त्यो अब चाहिँदैन
के हुन्छ हामीहरुले सब बन्धु मारी
बाँचेर राज्य-सुख भोग ठूलो फिँजारी।

(१६)

मामा, गुरू, पितृ, पितामह, पुत्र, नाती
शाला र सम्धि ससुराहरु भाँति भाँती

आपस्त गैन्ह छन युद्धविषे तयार
तेसै गरूँ म कसरी तिनमा प्रहार ?

(१७)

मैमा दगा धरुन ती म तथापि नाथ !
ती बन्धुको समरमा गरदीन घात
भूलोकको कुन कुरा ? भुवनै तमाम
पाये पनि अब मबाट हुँदैन काम ।

(१८)

दुर्योधनादि हुन ता छन आततायी
के प्रीति हुन्छ तर ती सब मारि, हाई !
आखीरमा जटिल पाप सिवाय नाथ !
केही पनी शुभ कुरा परदैन हात ।

(१९)

हाम्रा यी बन्धु हुन कौरव गैन्ह खास
हामी तसर्थ नगरौँ इनको विनाश
आपस्तलाई सब सोतर पारि मारी
हूँला कसो गरि सुखी पछि हे मुरारि !

(२०)

हे नाथ ! हामीहरुले कुलघात जन्य
सम्पूर्ण दोषकन देखि बडो जघन्य
यो पापदेखि हटनू बढिया छ भारी
व्यर्थै न हूँ विकट दुष्कृतका भकारी ।

(२१)

सारा कुलक्षय भयेपछि धर्मचाहिँ
नाशिन्छ गैन्ह कुलको रहँदैन काहीं
आखीर धर्म नभयेपछि वंश मात्र
हे कृष्ण ! हुन्छ सहजैसित पाप-पात्र ।

(२२)

त्यो पापले कुलवधूजनलाई नाथ !
अत्यन्त दूषित गराउँछ वेगसाथ
बिग्रेपछी कुलवधू उनबाट खास
जन्मन्छ सङ्कर सबैतिर हुन्छ नाश ।

(२३)

श्राद्धादि कर्म पितृको सब हुन्छ अस्त
पित्रादि जान्छन अधोगतिमा समस्त
आखीरमा विपुल वंश र वंशनाशी
सम्पूर्ण हुन्छन पछी नरकाधिवासी ।

(२४)

हे वासुदेव ! अतिभीषण वंशमारा
मानीसका विकट दूषणबाट सारा
प्राचीन गौरव रसातलमा धसिन्छ
जातीय धर्म कुलधर्म विनष्ट हुन्छ ।

(२५)

नाशिन्छ नाथ ! जसको कुल-धर्म खास
पक्का सधैं नरकमा उनको छ वास
भन्ने कुरा सकल वेद पुराणबाट
स्पष्टै सुनिन्छ, नगरौं रणतर्फ आँट ।

(२६)

साम्राज्य-सौख्यतिर लुब्ध गराई चित्त
आपस्त बन्धुकन मारनका निमित्त
छौं आज हामी रण-रङ्ग विषे तयारी
आखीर हामिकन लाग्दछ पाप भारी ।

(२७)

साटो म फेरदिन, ईख कुनै म लिन्न
जे हुन्छ होस, रणमा हतियार छुन्न
भन्ने निवेदन गरीकन चूपचाप
लागे धनञ्जय तुरुन्त उदीर्ण ताप ।

# दोस्रो अध्याय

(१)

तेस्ता ति शोकवश अर्जुनतर्फ हेरी
श्रीकृष्णले गरनुभो उपदेश फेरी
हे वीर! धैर्यधन! निर्भय! कीर्तिसार
व्यर्थै भयौ किन तिमी बिचमा उजार?

(२)

संयुक्त हुन्छ कहिले, कहिले वियुक्त
आत्मा शरीरसित यो भवमा प्रसक्त
आफू छ खास अजराऽमर नाशिँदैन
यो तत्त्व सम्झिकन तात्त्विक आत्तिँदैन।

(३)

जस्तो क्रमैसित सदा जड यो शरीर
कौमार यौवन जराकन लिन्छ वीर!
उस्तै गरी अजर जीव दुरन्तपार
देहान्तर ग्रहण गर्दछ वार वार।

(४)

पैदा हुने विषय इन्द्रिय योगदेखि
        मात्सर्य, लोभ, सुख, हर्ष र शोक सेखी
जो धीर भै सहन गर्दछ एकनास
        कैवल्य-धाम उसको छ सदा प्रकाश।

(५)

निर्लेप, नित्य, अजराऽमर शुद्ध रम्य
        आत्मस्वरूप तरु यो छ बडो अगम्य
हे पार्थ! हेर मनले तिमी, यो पुराना
        पातैसरी बदलँदो छ शरीर नाना।

(६)

अव्यक्तजन्य सब भौतिक-सृष्टिजाल
        व्यक्तस्वरूप बिचमा रहि केही काल
अव्यक्त भै प्रलय हुन्छ अवश्य जान
        दिग्दार कत्ति यसको मनमा नमान।

(७)

आत्मा छ यो अचल निर्मल चित्प्रकाश
        निःसङ्ग नित्य-सुखरूप जगन्निवास
मारेर मर्छ न कहिँ, न त जन्म लिन्छ
        देहादि भैं न त दबिन्छ, न लुप्त हुन्छ।

(८)

हे वीर! अर्जुन! तसर्थ अकीर्तिकारी

कातर्य छोडिकन यो, मन उच्च पारी
देखी जयाऽजय बराबर धैर्यसाथ
संग्रामतर्फ बढ, उन्नत पार माथ।

(९)

तोडेर वेदविधि रूप बडो विशाल
सांसारिक त्रिगुणनिर्मित कर्मजाल
राखी विवेक मनमा लिइ बुद्धियोग
अद्वैत नित्य गुणवर्जित तत्त्व भोग।

(१०)

जत्ती प्रयोजन जलाशयमा गयेर
पानी भरेर फिरने जनको छ हेर,
उद्देश्य वेदहरुमा पनि मुख्य उत्ति
वेदज्ञको छ, बढता अरु छैन कत्ति।

(११)

छौ वीर! पार्थ! तिमि केवल कर्मपात्र
इच्छा नराख फलको गर कर्म मात्र
जे हुन्छ होस, पर सार समस्त राग
सङ्कल्पको हृदयमा नपरोस दाग।

(१२)

योगस्थ निर्मम भइ, फल सङ्ग छाडी
जो कर्म गर्दछ धनञ्जय! त्यो पछाडि
छाडी यहीं विविध उत्कट पुण्य पाप

कैवल्य धामतिर चल्दछ चूपचाप।

(१३)

फारेर मोहमय दुस्तर अन्धकार
प्रज्ञा हुनेछ जब निश्चल निर्विचार
श्रोतव्यको अनि तिमी नगरेर वास्ता
ल्यौला सखे! परम दिव्य समाधि रास्ता।

(१४)

यो दिव्य बात सुनि फेरि समाधिवाला
मानीसको सकल लक्षण भावचाला
सोधे र भक्तवर अर्जुनले विशेष
श्रीकृष्णले गरनुभो उचितोपदेश।

(१५)

सङ्कल्पले रहित निर्मल शान्तचित्त
चिद्व्योममा छ जसको सब एकछत्त
हे पाण्डुपुत्र! उसको गलिताऽभिमान
प्रज्ञा प्रतिष्ठित रहेछ भनेर जान।

# तेस्रो अध्याय

**अर्जुन भन्छन्–**

(१)

प्रज्ञा छ उत्तम भने यदि कर्मभन्दा
यै कर्मको फिर मलाई कठोर फन्दा
पैह्राउने किन ? दयामय ! दीननाथ !
शिक्षा मिलोस अलमल्ल छ यो अनाथ ।

(२)

हे कृष्ण ! यो सकल मिश्रित वाक्यबाट
होसै उड्यो अझ भयें म बडो उराठ
एकै तसर्थ शुभदायक वीतदोष
सिद्धान्तको अब ममा उपदेश होस ।

(३)

योगी र साङ्ख्य दुई साधकका निमित्त
मैले भनें अघि दुवै थरि मार्ग सत्य
योगीहरूकन तिमी बुझ कर्मयोग
हो साङ्ख्यसम्मत धनञ्जय ! बोधयोग ।

(४)

छोडें, म कर्म गरदीन कुनै भनेर
नैष्कर्म्य-सिद्धि कहिल्यै मिलदैन हेर
आफैं बलिष्ठ चल इन्द्रियवर्ग खास
दौडीरहन्छ विषयैतिर एकनास।

(५)

कोही कदापि नगरीकन कर्म केही
तेसै अवश्य रहनै सकदैन देही
दुर्भाव्य यो प्रकृतिका गुणले तमाम-
प्राणीहरूकन गराउँछ नित्य काम।

(६)

कर्मेन्द्रिय-प्रकर बद्ध गरी टपक्क
एकाग्र भै विषयको रस टक्क, टक्क
सम्भीरहन्छ जुन मानिस त्यो अधीर
आडम्बरी अकृतबुद्धि भनिन्छ वीर।

(७)

विस्तार इन्द्रिय सबै वशमा गराई
कर्तृत्वको दुरभिमान पनि गलाई
जो कर्मयोगकन गर्दछ धैर्यधारी
त्यो हो धनञ्जय! अवश्य बडो विचारी।

(८)

हे पार्थ! कर्म बढिया छ अकर्मभन्दा

यज्ञार्थ कर्म गरदा परदैन फन्दा
यो सत्य जान, गर कर्म न होउ खिन्न
आखीर देह पनि कर्मविना रहन्न।

(९)

निःसङ्ग निर्मल निरीह बडो पवित्र
निर्लेप आशय गरीकन भित्र भित्र
जो बाह्य कर्म-पथको गरदो छ चैन
त्यो कर्मबाट कहिल्यै पनि बाँधिदैन।

(१०)

हे पार्थ! हेर जनकादि सबै विचारी
कर्मै गरीकन गये भव-सिन्धु पारी
यो ख्याल राख तिमी कातरभाव छोड
सांसारिक स्थिति उसै बिचमा नतोड।

(११)

शक्त प्रतिष्ठित महाजन काज काम
जस्तो प्रकारसँग गर्छ यशोऽभिराम
उस्तै हिसाबसित चल्छ सबै समाज
यो बात याद गर अर्जुन! राख लाज।

(१२)

मेरो पनी जगतमा अलगै छ रास्ता
कर्तव्य कर्मसित छैन कदापि वास्ता
हे पार्थ! हेर तर गर्दछु कर्म नित्य

सांसारिक स्थिति बसालनका निमित्त।

(१३)

छोडें भने स्थिति धनञ्जय! आज मैले
आदर्श भैकन गरी सब लोक ऐले
बिग्रन्छ एक छिनमा, यसका निमित्त
बाह्य प्रपञ्चतिर छू म सदा प्रवृत्त।

(१४)

रागान्ध भैकन ठूलो ममता लियेर
सामान्यले जसरि गर्दछ कर्म हेर
नीराग निर्मम भई बुधले तमाम
उस्तै गरी गरनुपर्दछ पार्थ! काम।

(१५)

मेरो यही मत लिई ममताऽनुराग
द्वेषादि छोडि मनको रणतर्फ लाग
दुस्तर्कका वश परीकन बुद्धि-भेद
देखाउने न गर पार्थ! तिमी उमेद।

(१६)

कर्तृत्व ली प्रकृतिका गुण-कार्यमाथि
सन्ताप मूर्खजन गर्छ अनेक भाँती
ज्ञानी रहन्छ फरकै, सुख शान्त रम्य
देखेर कर्म गुणको सब तारतम्य।

(१७)

राखेर भित्र मनमा दृढ यो विवेक
        कर्तव्यकृत्य गरदै गर एक एक
आसक्ति, राग, ममता उसमा न होस
        केही हुँदैन यसले तिमीलाई दोष।

(१८)

ज्ञानी मनुष्यहरुको पनि पार्थ! कृत्य
        सारा निजप्रकृति माफिक हुन्छ नित्य
आखीरमा प्रकृति लङ्घनमा कसैको
        सामर्थ्य छैन सब खेल छ यो उसैको।

(१९)

थामी तिमी पनि तसर्थ सदा स्वधर्म
        गर्दै रहू प्रकृतिमाफिक पार्थ! कर्म
जो हुन्छ होस सुख, सङ्कट, लाभ, हानि
        सारा सहू, हृदयले पिर क्यै नमानी।

(२०)

यो कृष्णको सदुपदेश सुनेर फेरि
        श्रीकृष्णकै वदनतर्फ पुलुक्क हेरी
जोडेर हातकन नम्र भयेर भारी
        सोधे पृथातनयले बहुतै विचारी।

(२१)

बिग्रन्छ पाप गरदा, गरदीन पाप

भन्दैछ आफू तर आखिर गर्छ पाप
यो को रहेछ बलपूर्वक चित्तलाई
लाईदिने कलुषमा सहसा भुलाई।

(२२)

यै क्रोधको जड छ, काम यही भनिन्छ
उत्पन्न यो बुझ रजोगुणबाट हुन्छ
पापी छ यो, सकल लोक विनष्ट गर्छ
सम्पूर्णको विकट दुश्मन यो ठहर्छ।

(२३)

शैवालले सलिल झैं, नभझैं धुलाले
तेजी दिवाकर सरी घनका घटाले
छोपी रहेछ यसले सब आत्म-तत्त्व
क्षन्तव्य छैन कहिल्यै यसको महत्त्व।

(२४)

प्रज्ञा-अहङ्कृति-मनोयुत यो तयारी
जो इन्द्रिय-प्रकरको पिँजडा छ भारी
हे पार्थ! काम-रिपुको उसमा छ वास
यो खूब सम्झ, यस दुश्मनलाई नाश।

# चौथो अध्याय

(१)

यो दिव्ययोग रविले पहिले मबाट
पाये, सिके मनुजिले पछि सूर्यबाट
क्यै काल यो हुन गयो बिचमा विनष्ट
ऐले तिमीकन भनें उही फेरि पष्ट।

(२)

जन्में जहाँ म तिमि जन्म उहाँ लिँदा छौ
मेरो महाप्रिय-सखा भइ घूमदा छौ
जन्मैपिछे म समझाउँछु तत्त्ववाद
हे पार्थ! यो तर तिमीकन छैन याद।

(३)

संसारमा विविध पाप र पापचित्त
मानिसको जड उखाडनका निमित्त
आफू हरेक युगमा अवतार लिन्छु
गर्छु म कर्म तर निष्क्रिय भै रहन्छु।

(४)

यो कर्मले मकन बाँधनलाई पार्थ
सामर्थ्य छैन कहिल्यै बुझ यो यथार्थ
मै झैं तिमी पनि असक्त भयेर नित्य
गर्दै रहू निज-कुलोचित धर्म-कृत्य।

(५)

हे धीर! पार्थ! फलहीन फलाऽभिराम
धामाऽऽदि भेदहरुले गरदा तमाम
पत्ता न पाइशकनू छ अकर्म कर्म
दुष्कर्मको विषय कत्ति बुझिन्न मर्म।

(६)

सन्न्यास कर्मफलको गरदा समस्त
कर्म-प्रपञ्च गहिरो हुन जान्छ अस्त
कर्मै विशेष बढिया छ अकर्मभन्दा
भन्ने सुनिश्चय भए परदैन फन्दा।

(७)

ज्ञानाग्निले सकल कर्महरू डढाई
आनन्दमा मन निराश्रय भै चढाई
तोडी अहंकरण बन्दछ जो निराशी
यद्वा उही बुझ अनन्त-सुखाम्बुराशि।

(८)

ब्रह्माऽग्निमा विविध ब्रह्म-हविर्विशेष

जो होम ब्रह्म विधिले गरिदिन्छ बेस
त्यो प्राणयज्ञ-रत निर्भय ब्रह्म साधी
ब्रह्मैविषे सहज लिन्छ सदा समाधि।

(९)

खैंची सबै विषय इन्द्रियमा मिलाई
सल्काइ संयम-शिखी ति पनी जलाई
सत्कर्म योगमय पावकमा तमाम
जो होमिदिन्छ उसलाई छ दिव्य धाम।

(१०)

स्वाध्याययज्ञ तपयज्ञ र योगयज्ञ
इत्यादि यज्ञ दिनहूँ गरने विधिज्ञ
ज्ञानी अनेक छन, केवल यज्ञ-शिष्ट
भोजी सधैं तिनिहरू बुझ ब्रह्म-निष्ठ।

(११)

तेस्ता ति साधुहरुको दृढ भक्तिसाथ
सेवा गर्‍यौ यदि भने निहुराइ माथ
बाबू! तिमीकन पनि तिनले तुरुन्त
पारी दिनेछन अवश्य सुयोग्य सन्त।

(१२)

श्रद्धा प्रतीति मनमा छ भने रहस्य
ज्ञान स्वयं प्रकट हुन्छ बुझ्यौ अवश्य
ज्ञान-प्रभा फुरिसकेपछि पापचाहिँ

नाशिन्छ बन्धन अनी परदैन काहीं।

(१३)

नाशिन्छ संशय लिने शठ मूर्खचाहिँ
आपत्ति छैन गत-संशयलाई काहीं
यो सत्य जान तिमी-संशय-जाल तोड
बाबू! विभूतिपथमा मनलाई जोड।

# पाँचौं अध्याय

(१)

यो कृष्णको वचनरूप सुधा पियेर
        सोधे पृथातनयले बहुतै झुकेर
सन्यास, कर्म दुई योगविषे विशेष
        हामीहरूकन प्रभो ! कुन हुन्छ बेस ?

(२)

भन्नूभयो हरिजिले पनि पार्थलाई
        हे पार्थ ! जान ति दुवैथरि मुक्तिदायी
हेरीलिँदा तर तिनीबिच हामिलाई
        कर्मै छ उत्तम हटाइदिने बलाई ।

(३)

शब्दादि यो विषय बाहिरको लिँदैछ
        कर्मिष्ठ धीर मनले फरकै सबै छ
सम्पर्क-हीन रवि-रश्मि सरी हिलामा
        शुद्धै रहन्छ सुकृती भवयातनामा ।

(४)

वास्ता न राखि फलको फरकै रहेर
कर्मै गरीकन निरन्तर पार्थ! हेर
योगी तटस्थ भई निर्भय शान्ति लिन्छ
बाँधिन्छ मूढ फल-लुब्ध अशान्त हुन्छ।

(५)

कर्ता छ ईश्वर न कारयिता कसैको
साक्षी छ खालि हृदयान्तरमा सबैको
संसार यो चलिरहेछ स्वभावबाट
बाबू! वृथा किन हुने यसमा उराठ।

(६)

अज्ञान वेध-बलले सब नष्ट पारी
जो दिव्य आत्मपदको सुख लिन्छ भारी
हे धीर! पार्थ! भवमा उसका निमित्त
चाण्डाल ब्राह्मण सबै बुझ एकछत्त।

(७)

यो दृश्यमान अतिनश्वर दुःखयुक्त
बाह्य-प्रपञ्चबिच नित्य भई विरक्त
भित्री निरीह पदमा जुन मस्त हुन्छ
त्यो दिव्य ज्योतिकन पाइ सुखी रहन्छ।

(८)

स्पर्शादि दूर गरि, लोचन-युग्मलाई

भ्रूमध्यमा अचल शान्त गरी लगाई
शास्त्रीय युक्तिसित प्राण अपान खारी
दोटै मिलाइकन टप्प समान पारी।

(९)

रोकेर बुद्धि, मन, इन्द्रिय-जन्य धारा
क्रोध, स्पृहा, भयहरू पर सारी सारा
जो एकतान अविकल्प भई रहन्छ
त्यो धीर योगिजन मुक्त अवश्य हुन्छ।

(१०)

मै नाथ लोकभरको, सबको म मित्र
भोक्ता म यज्ञ तपको, म महापवित्र
भन्ने कुरा जब बुझ्यो अनि मात्र पार्थ!
वर्षन्छ शान्तिसुख चित्तविषे यथार्थ।

# छैठौं अध्याय

(१)

जो धीर कर्मफलमा पनि लागदैन
कर्तव्यकर्म बिचमा पनि छोडदैन
योगी भनेर मनले उसलाई जान
सन्न्यासयुक्त पनि त्यै जनलाई मान।

(२)

सन्न्यास भन्छ दुनियाँ जसलाई पार्थ!
त्यो योग जान तिमी वास्तवमा यथार्थ
सङ्कल्प अस्त नगरीकन योगलाभ
पक्का हुँदैन बुझ यो सब सूक्ष्म-भाव।

(३)

शब्दादि यो विषयतर्फ र कर्मतर्फ
आसक्ति छोडि जुन गर्दछ कर्म सिर्फ
आरूढ योगबिच त्यो छ अवश्य जान
सङ्कल्पशून्य उ रहन्छ सदा समान।

(४)

विज्ञान ज्ञान-परितृप्त, अखण्ड, नित्य,
कूटस्थ, निश्चल, जितेन्द्रिय, बद्धचित्त
मानाऽपमान-सुखदुःख-समानदर्शी
योगी महाशय भनिन्छ बडो महर्षि।

(५)

एकान्तमा मृदुल आसन ठीक्क पारी
राखी शरीर उसमा, मन शान्त पारी
नासाग्रमा नयन दी, जुन युक्त हुन्छ
त्यो ब्रह्मनिष्ठजन निश्चय मुक्त हुन्छ।

(६)

आहार योग्य हुनुपर्छ, विहार योग्य
स्वप्नाऽवबोध सब नित्य रहोस योग्य
तेसो भये सहज खुल्दछ योगतत्त्व
पायिन्छ सर्वतिर चित्सुखको महत्त्व।

(७)

हे पार्थ! योगविधि-रूद्ध निरीह चित्त
भित्री अखण्ड रसमा गरि एकछत्त
आत्मस्वरूपकन आत्मविषे विशेष
देखेपछि सुख अलौकिक मिल्छ बेस।

(८)

आत्यन्तिक प्रिय, अतीन्द्रिय बुद्धिवेद्य

त्यो दिव्य योग सुखको महिमा अभेद्य
पायेपछि मुनि महाकृतकृत्य हुन्छ
प्राप्तव्य केही रहँदैन, अपूर्व बन्छ।

(९)

वायूसमान अति चञ्चल चित्तलाई
निस्क्यो जतातिर उतैतिरबाट ल्याई
आत्मैविषे लय गराउनुपर्छ, काम-
रागादि छोडि, अनि मिल्दछ दिव्यधाम।

(१०)

वैराग्यलाई अगुवा लिइ धैर्य धारी
अभ्यासले चपलता उसको उतारी
विस्तार चित्तकन पारनुपर्छ वश्य
बिग्रन्छ नत्र सब खेल, सखे! अवश्य।

(११)

पाऱ्यो सफा जब यती गरि योगपन्था
चाहिन्न पार्थ! अनि लौकिक शास्त्रकन्था
देखिन्छ विश्व मविषे, म समस्तभित्र
हुन्छू, प्रकाश सुख मिल्छ महापवित्र।

(१२)

पूर्वोक्त वाक्य सुनि अर्जुनबाट फेरि
भो सोधनी हरिजिका मुखतर्फ हेरी
श्रद्धालु योगपथमा च्युत हुन्छ जौन

हे वासुदेव! उसको गति हुन्छ कौन?

(१३)

त्यो योग-भ्रष्ट न यता न उता भयेर
छिन्नाभ्रतुल्य भई रङ्गङ्दिै घुमेर
आखीर नष्ट हुन जान्छ कि यादवेश!
पाऊँ म आज यसमा उचितोपदेश।

(१४)

यो प्रश्न पाण्डुसुतको सुनि, निर्विकारी
श्रीकृष्ण बोलनुभयो मन दङ्ग पारी
कल्याणनिष्ठ जन अर्जुन! नाशिँदैन
सङ्क्लिष्ट दुर्गति पनि उसको हुँदैन।

(१५)

भोगी परत्र सुखपूरित पुण्यलोक
आनन्दसाथ चिरकाल अजातशोक
जन्मन्छ जौन कुलबीच बनी उदार
सत्सङ्ग भोग सब आउँछ त्यो अपार।

(१६)

आखीर पूर्व जुनिको उहि बुद्धि पाई
अभ्यास गर्छ फिर योगकला बढाई
यस्तै प्रकारसित क्यै जुनिमा पछाडि
त्यो मुक्त हुन्छ गहिरो भवसिन्धु छाडी।

(१७)

ज्ञानी र तापस अनन्तर कर्मनिष्ठ
        सम्पूर्णमा सकल लोकविषे विशिष्ट
योगी गनिन्छ, यस कारण पार्थ! प्यारा!
        योगी भयेर गर लौकिक कर्म सारा।

# सातौं अध्याय

(१)

जानेपछी जुन कुरा रहँदैन कत्ती
ज्ञातव्य तत्त्व अरु क्यै पनि एकरत्ती
विज्ञानले सहित निर्मल तेहि ज्ञान
भन्छू म फेरि, बन अर्जुन! एकतान।

(२)

आकाश, वायु, जल, पावक, तेज, धर्ती,
प्रज्ञा, अहङ्करण, मानस– आठ मूर्ति
मेरी जड प्रकृतिका तिमि जान खण्ड
सारा प्रपञ्च जसमा छ सखे! अखण्ड।

(३)

संसारमा विजय! जीवमयी विचित्र
अर्की महाप्रकृति एक छ हेर भित्र
थामी रहेछ यसले जगतै तमाम
यै भूतमात्र सबको बुझ आदि धाम।

(४)

हे पार्थ ! छैन अरु वस्तु मभिन्न जान
सृष्टि स्थिति, प्रलय गैन्ह मलाई मान
यो भासमान परिपञ्च ममा छ जे छ
धागोविषे मणिसरी उनिइ रहेछ ।

(५)

हे पार्थ ! गन्ध, रस, पौरुष, शब्द, कान्ति,
ॐकार, तेज, तप, जीवन, बीज, शान्ति,
बुद्धि, प्रभाव, बल, धर्मनिबद्ध काम
इत्यादि मैमय छ खास बुझ्यौ तमाम ।

(६)

प्यारा ! सखे ! विजय ! सात्त्विक राजसाऽऽदि
नानाप्रकार सब भावहरू अनादि
मैमा सदा पडिरहेछन एकनास
मेरो परन्तु तिनमा रति छैन वास ।

(७)

व्यामोह पारि सब छोपिदिने मदीय
माया गुणत्रयमयी छ अलङ्घनीय
मेरै सदा शरणमा नपरी कसैको
सामर्थ्य छैन उसबाट जुदा हुनाको ।

(८)

जिज्ञासु, आर्त र अकिञ्चन, बोधशाली

मेरा यि चार छन भक्त किरीटमाली!
मेरा तिनी प्रिय सबै तिनको म प्यारो
ज्ञानी त हेर तिनमा पनि मुख्य प्यारो।

(९)
लाखौं जुनी जब बित्यो अनि बल्ल पार्थ!
ज्ञानी मनुष्य भवतत्त्व बुझी यथार्थ
हो वासुदेवमय यो सब विश्व भन्छ
तेस्तो महाशय विशेष अलभ्य हुन्छ।

(१०)
दुष्पूर काम लिइ, मोहविषे परेर
गुप्ती निज प्रकृतिले दृढ बाँधियेर
मानीस नित्य घुमदाछन देव-देवी
लाखौं थरी विधिविधान गरेर सेवी।

(११)
जस्तो प्रकारसित जो तनुमा विशेष
श्रद्धा गर्‍यो उही दुरुस्त गरी अशेष
इच्छानुरूप फलभोग म दिन्छु, पार्थ!
जान्दैन हेर दुनियाँ तर यो यथार्थ।

(१२)
जो जो कुरा भइसक्यो, पछि जो हुनेछ
ऐले समस्त भवमा जति भै रहेछ
हे पार्थ! त्यो सब म जान्दछु भित्र-भित्र,

जान्दैन लौ मकन कोहि छ यो विचित्र।

(१३)

यो जन्म-मृत्यु-भय लङ्घनका निमित्त
सर्वाऽऽत्मना छ जुन धीर ममा प्रवृत्त
त्यो ब्रह्मतत्त्व परिपूर्ण बुझी यथार्थ
अध्यात्म कर्म सब जान्दछ वीर! पार्थ!

(१४)

अधिभूत-समेत साऽधिदैव
अधियज्ञाऽन्वित रूप सर्वदैव
जुन जान्दछ कत्ति आत्तिँदैन
उसलाई पछि मोहले छुँदैन।

# आठौं अध्याय

**अर्जुन–**

(१)

आज्ञा भयो मकन जो प्रभुबाट ब्रह्म
अध्यात्म आदिक विभाग विशेष रम्य
त्यो याद छैन भगवान्! सब एक एक
आज्ञा हवोस भरिशक्य दिई विवेक।

(२)

यो प्रश्न पाण्डुसुतको सुनि फेरि साफ
श्रीकृष्णले दिनुभयो सहसा जवाफ
हो ब्रह्म अक्षर सनातन शुद्धभाव
अध्यात्म हो प्रिय! सखे! सकल स्वभाव।

(३)

जो हो विसर्ग सब भूत विकासशाली
त्यै कर्म हो क्षरजती अधिभूत खालि
हे पार्थ! जान पुरुषै अधिदैव खास
यो देहमा म अधियज्ञ जगन्निवास।

(४)

सम्झन्छ जो मकन देह छुटेर जाँदा
त्यो मिल्छ मैसित, कदापि हुँदैन बाधा
जो भाव आफू मरदा जसको छ भित्र
त्यै भावतुल्य गति हो सबको परत्र।

(५)

शास्ता म हूँ, कवि म हूँ, म महापुरानू
सानूमहाँ पनि धनञ्जय! हद्द सानू
आदित्यवर्ण म सदा तमदेखि पार
ज्योतिःस्वरूप म निरञ्जन निर्विकार।

(६)

प्राणान्तका समयमा स्थिर चित्त पारी
सद्भक्ति योगबलले प्रतिबन्ध टारी
जो प्राण भ्रूयुगलका बिच टप्प थुन्छ
त्यो त्यै महापुरूषमा गई लीन हुन्छ।

(७)

ढोका लगाई हृदयैबिच चित्तलाई
रोकी सबै पवन माथविषे चढाई
एकाक्षरी प्रणव सूक्ष्म जपेर भित्र
मेरो स्वरूप समझी बहुतै पवित्र।

(८)

एकाग्र भै सतत निश्चल योगधारी

हे पार्थ! ब्रह्मविल भेद गरेर भारी
जो छोडिदिन्छ यस भौतिक पिण्डलाई
त्यो जान्छ दिव्य गतिमा बहुतै रमाई।

(९)

आब्रह्मलोक तिमी जान समस्त लोक
आवृत्तियुक्त उनमा छुटदैन शोक
आवृत्ति-वर्जित कुनै मसिवाय छैन
योगी पुग्यो जब ममा अनि फर्कंदैन।

(१०)

बाबू! सहस्रयुगको दिन एक हुन्छ-
ब्रह्माजिको, उसमहाँ सब विश्व बन्छ
रात्री भयो जब अनी सब भूत-जात
अव्यक्तमा लय भयो, न थलो न थात।

(११)

यो भूत-चक्र दिनरात यसै गरेर
उत्पन्न हुन्छ, लय हुन्छ, सदैव हेर
भारी घुमावट छ, कत्ति विराम छैन
हे पार्थ! योग नलिईकन उम्किँदैन।

(१२)

भूत-प्रपञ्च जति नष्ट हुँदा समस्त
हे धीर! पार्थ! जुन तत्त्व हुँदैन अस्त
अव्यक्त अक्षर अनश्वर दिव्य धाम

मेरो उही बुझ्न निरञ्जन राम-नाम ।

(१३)

जो उत्तरायण र पावक शुक्लपक्ष
ज्योतिर्दिवा समयमा लिई भित्रि लक्ष्य
यो देहरूप पिँजडाकन छोडिदिन्छ
त्यो ब्रह्मतत्त्वमय पूर्ण बनी रहन्छ ।

(१४)

जो दक्षिणायन धुवाँ फिर कृष्णपक्ष
रात्री तमः पटललाई गरी समक्ष
जो देह छोडदछ त्यो पुगि चन्द्रमामा
फर्कन्छ पार्थ ! कहिल्यै छुटदैन धामा ।

(१५)

यो शुक्ल-कृष्ण-गति-विज्ञ छ जौन योगी
त्यो मोहरोगवश हुन्न कदापि रोगी
तस्मात् तिमी पनि सदा यहि योग साधी
निर्भीक भैकन हटाउ समस्त आँधी ।

# नवौं अध्याय

(१)

हे पार्थ फेरि सुन उत्तम राजगुह्य
प्रत्यक्ष गम्य अति पावन सर्वसह्य
धर्माऽभ्युपेत सुखयोग मबाट केही
जो जानदा अशुभमा मुछिँदैन देही।

(२)

अव्यक्त छू म, परिपञ्च फिँजीरहेंछू
आफू म छू अलग, विश्व धरीरहेछू
सारा ममा छन सखे! तिनमा म छैन
कस्तो छ हेर तिमि ऐश्वर-योग-चैन।

(३)

मेरी महाप्रकृतिमा सब भूत जात
कल्पान्तमा विजय! लाग्दछ भित्र खात
कल्पाऽऽदिमा फिर उही झलमल्ल पारी
गर्छू म सृष्टि सब यै प्रकृति फिँजारी।

(४)

अध्यक्ष छू प्रकृतिको, उसबाट प्यारा !
सारा बहाउँछु चराचर-सृष्टि-धारा
वास्ता पनि म गरदीन, यसै निमित्त
बाँधिन्न कर्महरुले, फरकै छु नित्य ।

(५)

यो दिव्य भाव गहिरो नबुझेर मेरो
ली आसुरी प्रकृति, व्यर्थ लगाइ फेरो
मेरो मनुष्य-तनुको जुन गर्छ हेला
त्यो निन्द्य मूढ जन पर्दछ पार्थ ! फेला ।

(६)

दैवी शुभ प्रकृति आश्रित जो उदार
योगी छ त्यो सब बुझिकन भित्रि सार
भूताऽऽदि, अव्यय, महेश, भनी मलाई
एकाग्र भै भजन गर्छ सखे ! रमाई ।

(७)

छू विश्वतोमुख अनन्त म यै निमित्त
योगीहरू पनि लिई हर-एक तत्त्व
नाना प्रकारसित शान्त गराई चित्त
अभ्यासमा छन सखे ! बहुधा प्रवृत्त ।

(८)

स्वाहा, स्वधा-सब म हुँ, क्रतु यज्ञ-मै हुँ,

मै मन्त्र, आज्य हुत, औषध, अग्नि मै हुँ
मै हुँ पितामह, पिता, सबको म धाता
ॐकार, वेद्य म पवित्र, म फेरि माता।

(९)

भर्ता, गति, प्रभु, म ऋक्, यजु, साम मै हुँ
साक्षी म हुँ, शरण मै बुझ, मित्र मै हुँ
उत्पत्ति, नाश, म निधान, म बीज खास
मै स्थान पार्थ! सबको म जगन्निवास।

(१०)

मै ताप दिन्छु जल त्यो सब खैंचिलिन्छु
मै वृष्टिकारक बनी जल छोडिदिन्छु
मै हूँ सखे! अमृत, मृत्यु म छू अनन्य
मै सत्, असत्, सब म नष्ट कदापि हुन्न।

(११)

वेदज्ञ विप्रहरु स्वर्गगति प्रधान
इच्छा लिई ऋतुविषे गरि सोमपान
पुण्येष्ट लोकहरुमा गइ केहि काल
आनन्द भोगछन पार्थ! सखे! विशाल।

(१२)

पुण्यान्तमा ति सबले नफिरी हुँदैन
काम्य क्रिया-फल चिरस्थिर केही छैन
आखीर यै भुवनमा फिर जन्म हुन्छ

सांसारिकी जटिल जाल बनी रहन्छ।

(१३)

यस्तै प्रकारसित काम्यफल प्रवृत्त
मानी ती वेदविधिबद्ध अशान्तचित्त
संसारमा घुमिरहन्छ, विराम छैन
हैरान हुन्छ, कहिल्यै पनि उम्कँदैन।

(१४)

श्रद्धालु जो छ अरु देव-विशेष-रक्त
हो त्यो पनि अविधिबद्ध मदीय भक्त
मेरो प्रभुत्व नबुझी तर त्यो अकार्थ
आखीर भेदमतिले च्युत हुन्छ पार्थ!

(१५)

खान्छौ तिमी जति कुरा, जति काम गर्छौ
दिन्छौ जति, जति तिमी तप होम गर्छौ
हे पार्थ! अर्पण ममा गर त्यो समस्त
तेसो भये सकल कर्म हुनेछ अस्त।

(१६)

सम्पूर्ण जीवहरु बीच म छू समान
मेरो प्रियाऽप्रिय कुनै पनि छैन जान
जो भक्त हो उ छ ममा, उसमा म हुन्छु
खाली म भक्तिरसका वशमा रहन्छु।

(१७)

पापी छ तापनि पछि लिई भक्ति, बेस
एकाग्र भै भजन गर्छ भने विशेष
हो साधु नै विजय! त्यो कलुषी हुँदैन
आखीर भक्त कहिल्यै पनि बिग्रँदैन।

(१८)

यो नश्य दुःखमय मानुष-जन्म पाई
क्यै लाभ छैन यसलाई वृथा गुमाई
होऊ, तसर्थ तिमी भक्त बनेर नित्य
मेरो महत्त्व अनुशीलनमा प्रवृत्त।

(१९)

मैमा लगाउ मन, भक्ति ममा बढाऊ
मैमा प्रणाम-यजनाऽदि सबै चढाऊ
यै चालले विजय! मन्मय भै पछाडि
मैमा तिमी मिलदछौ भवदुःख छाडी।

# दशौं अध्याय

(१)

हे पार्थ! प्रेमवशले फिर दिव्य बात
भन्छू तिमीकन यहाँ, सुन भक्तिसाथ
मेरो सखे! प्रभव वास्तवमा महर्षि
देवाऽऽदि कोहि बुझ्दैन सुदूरदर्शी।

(२)

प्यारा सखे! विजय। सिद्ध महर्षि, देव
सम्पूर्णको म छु सनातन आदिदेव
मेरो न जन्म, न त मृत्यु, न आदि अन्त
दुर्बोध नित्य जगदीश म छू अनन्त।

(३)

ज्ञान, क्षमा, शमदमाऽऽदि, र बुद्धि, सत्य,
आनन्द, दुःख, भव, भाव, तथा समत्व,
निन्दा, तप, स्तुति, भयाऽभय, दान, तुष्टि
फेरी अहिंसन र शान्ति, विवेकदृष्टि।

(४)

हे पार्थ! यी थरि थरी सब भूतभाव
मैबाट हुन्छन, म छू अतुल-प्रभाव
उत्पत्ति-भूमि सबको म, सबै मबाट
निस्कीरहेछ परिपञ्च महाविराट।

(५)

सम्पूर्ण जानिकन यो बुध भाग्यशाली
चर्चा परस्पर मदीय सदा निकाली
मैमा समर्पण गरी मन देह सारा
आनन्दको सतत लिन्छन पार्थ! धारा।

(६)

अज्ञानजन्य तिनको घन अन्धकार
प्रज्ञान दीपकन बालि बडो अपार
भित्रै बसी हृदयमा गरिदिन्छु अस्त
कारुण्यसाथ प्रिय! पार्थ! सखे! समस्त।

(७)

यो कृष्णको मधुर सूक्ति-सुधा पियेर
आनन्द-निर्भय भई बहुतै झुकेर
प्यारा पृथा-तनयले दृढ भक्तिसाथ
बोले उसै समयमा फिर केहि बात।

(८)

ब्रह्म प्रभू, प्रभु सनातन शुद्ध धाम

दिव्याऽऽदिदेव प्रभु नै अज नित्य राम
भन्थे महर्षिहरु नाथ! अघी अशेष
आज्ञा भयो हजुरबाट पनी विशेष।

(९)
हो सत्य यो सब कुरा गहिरो छ सत्ता
को जानने प्रभुविना प्रभुको इयत्ता
हेरी लिँदा सब सुराऽसुरमाथि भारी
व्यामोहको जटिल जाल सदा तयारी।

(१०)
व्याप्तै छ विश्व प्रभुले सब एकनास
हे नाथ! तैपनि अजान अनाथ दास
केही विभूति सुनने अभिलाष गर्छ
आज्ञा हवोस जसले मन दङ्ग पर्छ।

(११)
यो पार्थको सरल वाक्य सुनी मुरारि
सप्रेम बोलनुभयो फिर निर्विकारी
विस्तारले सब भनी शकिँदैन पार्थ
संक्षेपले सुन विभूति जती यथार्थ।

(१२)
आत्मा म हूँ सकलको, म विरञ्चि, विष्णु,
मै जान शङ्कर, म हूँ रवि, चन्द्र, जिष्णु,
मै चेतना, मन, तथा म सखे! धनेश,

मै वायु, सागर, सुमेरु, शिखी, जलेश।

(१३)

मै बीज हुँ जगतको, म कराल काल,
सृष्टि, स्थिति, प्रलय मै, म विवेक, जाल,
मै वेद्य अक्षर, चराऽचरको म धाता,
मै ज्ञान, दण्ड, छल, तेज, म हूँ विधाता।

(१४)

धेरै सखे! कति भनूँ गहिरो प्रपञ्च
सम्पूर्ण मन्मय तिमी बुझ भित्रि सञ्च
एकांशले भव सदा जकडी तमाम
आनन्दमा स्थित म छू परिपूर्ण राम।

# एघारौं अध्याय

(१)

फेरी भने विजयले प्रभुको प्रभुत्व
संझें, बुझें सब यथामति गूढतत्त्व
इच्छा छ भित्र अब केवल विश्वरूप
प्रत्यक्ष दर्शनमहाँ जगदीश ! खूप ।

(२)

जानेर त्यो विजयको अभिलाष भारी
सम्पूर्ण योगबलले झलमल्ल पारी
देखाइबक्सनुभयो हरिले अनूप
आश्चर्यपूर्ण अति अद्‌भुत विश्वरूप ।

(३)

त्यो दिव्य, अद्‌भुत, अनन्त, रविप्रकाश,
लाखौं शिरोऽवयव-युक्त जगन्निवास,
दिव्याऽऽयुधाऽऽदि परिशोभित रूपभित्र
देखे सबै जगत अर्जुनले विचित्र ।

(४)

तेस्तो प्रभापटल पूरित भीतिकारी
देखी स्वरूप अकमक्क भयेर भारी
आश्चर्यसाथ प्रणति प्रभुको गरेर
बोले कृताञ्जलि धनञ्जय आत्तियेर।

(५)

हे देवदेव! प्रभुका यस रूपभित्र
सारा प्रपञ्च झलकन्छ महाविचित्र
ब्रह्मा, महेश, सुरराज, महर्षि, सिद्ध,
यक्षोरगादि सब देखदछु प्रसिद्ध।

(६)

हेऱ्यो जतातिर उतै घटना अनन्त
पायिन्छ नाथ! न त आदि, न मध्य अन्त
दीप्त प्रभापटलले गगनाऽवकाश
छोपीरहेछ सबतर्फ जगन्निवास!

(७)

यो दुर्निरीक्ष्य अति अद्‌भुत उग्रधाम
देखी स्वरूप प्रभुको भुवनै तमाम
काँपीरहेछ भगवन्! भयले अघोर
ब्रह्माऽऽदिको पनि वहाँ चलदैन जोर।

(८)

कोही खडा भइरहेछन हात जोडी

कोही प्रवेश गरदाछन गैह्र छोडी
कोही स्तुति प्रणति-तत्पर भीत-भीत
ब्रह्मादिदेव सब देखदछू विनीत।

(९)

लाखौं शिरोवदन लोचन, हस्तपाद,
दंष्ट्रोदरादि परिपूर्ण बडो अगाध
यो रूपले छ सब पीडित जीवलोक
आफैं पनी अकलगूम म छू सशोक।

(१०)

कालाऽनल-प्रतिम यी मुखले समस्त
सातो लियो, धृति भयो मनबाट अस्त
जान्दीन नाथ! म दिशातक, छैन होश
हूँ दास खास प्रभुको, करुणा रहोस।

(११)

हे कृष्ण! वीरवर! लाखन भूमिपाल
भीष्माऽऽदिले सहित यो कुरु-सैन्यजाल
दंष्ट्राकराल प्रभुका मुखभित्र सारा
जाँदो छ वेगसित सन्तत लागि धारा।

(१२)

छोपी प्रभापटलले भुवनै समग्र
बाई विशाल मुखमण्डल हद्द उग्र
सम्पूर्ण लोककन हालनुहुन्छ गाँस

हो कौन यो विकट खेल जगन्निवास ?

(१३)

यो उग्ररूप कुन हो ? किन हो लियेको ?
केका निमित्त यसरी जगतै निलेको ?
जानूँ म भन्छु सब यो प्रभुको प्रवृत्ति
खुम्चिन्छ नाथ ! बिचमा तर चित्तवृत्ति ।

(१४)

यो भीत भक्तवरको सुनि बात खास
श्रीकृष्ण बोलनुभयो जगदेकवास
हे पार्थ ! यो सकल लोक-विनाशकारी
कालै म हुँ, बुझ तिमी मनले विचारी ।

(१५)

मारीरहेछु पहिल्यै सब भीष्म कर्ण
द्रोणादि वीर लिइ रूप यही उदीर्ण
आखीरमा तिमी हटे पनि शत्रुपक्ष
नाशिन्छ निश्चय, नछोड कदापि लक्ष्य ।

(१६)

बाबू ! तिमी अब निमित्त भयेर खाली
गाण्डीवको अलिकती महिमा निकाली
दुर्योधनाऽऽदि रिपुवर्ग समस्त मार
साम्राज्य भोग गर, कीर्ति ठूलो फिँजार ।

(१७)

यो कृष्णको वचन गूढ सुनी तमाम
जोडेर हात, गरदै सहसा प्रणाम
बोले धनञ्जय सगद्‌गद भीत-भीत
फेरी पनि शिर गराइ बडो विनीत।

(१८)

ब्रह्मा, महेन्द्रहरुको पनि आदिकर्ता
देवाऽधिदेव सदसत्पर लोकधर्ता
ज्ञातव्य अक्षर, चराऽचरको निधान
एकै हजूर हुनुहुन्छ महापुराण।

(१९)

हे नाथ! यी वरुण, वात, यमाऽऽदि सारा
लाखौं विभागवश विस्तृत विश्वधारा
देखिन्छ केवल हजूरविषे विशेष
आश्चर्य-पूरित नमो नम यादवेश।

(२०)

हे सर्व-शक्तियुत! अव्यय! सर्वचेष्ट!
सर्वज्ञ! सर्वगत! सर्वद! सर्वनिष्ठ!
जान्दीन तत्त्व प्रभुको, प्रणिपात खालि
गर्छू सहस्रतिरबाट सहस्र पाली।

(२१)

यस्तो अगाध महिमा प्रभुको नताडी

हे कृष्ण! यादव! सखे! भनि जो अगाडि
मैले गरें हजुरको अपमान खास
त्यो माफ बक्सनुहवोस जगन्निवास!

(२२)

जस्तो पिता तनयको र सखा सँगीको
सारा सहन्छ अपराधहरू ननीको
उस्तै गरी सहनुहोस हजूर सारा
मेरो कसूर पनि, यै छ ठुलो पुकारा!

(२३)

ज्यादा म नाथ! शकदीन कडा कराल
काल स्वरूपकन हेरन यो विशाल
देखाइ बक्सनुहवोस उही अनूप
आनन्ददायक मनोहर शान्त रूप।

(२४)

लागे धनञ्जय यती भनि चूपचाप
श्रीकृष्णले दिनुभयो अनि यो जवाफ–
सौभाग्यले अनवलोकितपूर्व खास
देख्यौ सखे! सकल मन्महिमा-विकास।

(२५)

संग्रामका समयमा तिमी आत्तिनाले
मेरो विशेष करुणा तिमीमा हुनाले
खोलीदियें सकल तत्त्व अनन्यलभ्य

चिन्ता न ल्यौ, गर तिमी रणरङ्ग भव्य।

(२६)

लौ हेर पार्थ! अबलाई उही प्रसन्न
देखाउँछु मनुज रूप नहोउ खिन्न
बोली यती निमिषमा नरदेह धारी
प्रत्यक्ष देखिनुभयो अघि झैं मुरारि।

(२७)

त्यो देखि योगबलको महिमा अनन्य
भन्दै, महाप्रणयपूर्वक धन्यधन्य
श्रीकृष्णका चरणबीच सचेत पार्थ
पस्रे तुरुन्त रणतत्त्व बुझी यथार्थ।

(२८)

हाँसी मुसुक्क बिचमा, हरिबाट फेरि
आज्ञा भयो विजयका मुखतर्फ हेरी
बाबू! बुझ्यौ सुरमुनी सब यै स्वरूप
पाऊँ भनी सतत गर्छन यत्न खूब।

(२९)

देख्यौ यहाँ प्रिय सखे! अघि रूप जस्तो
इज्या-तपोनियमले मिलदैन तेस्तो
खाली छ भक्तिवश यो, तिमि भक्त होऊ
दुस्तर्क-जन्य मनको मल साफ धोऊ।

# बाह्रौं अध्याय

(१)

अव्यक्त, अक्षर उपासक नित्ययुक्त
भक्ताऽदिमा कुन विशेष छ योगयुक्त
भन्ने कुरा विजयले फिर सोधदामा
श्रीकृष्ण लागनुभयो समझाउनामा ।

(२)

श्रद्धासमेत मनलाई ममा लगाई
जो प्रेमले भजन गर्छ सदा रमाई
मेरो उही प्रिय उपासकलाई पार्थ !
सर्वोच्च योगयुत जान तिमी यथार्थ ।

(३)

बद्धेन्द्रियप्रकर, धीर, समानदर्शी
कूटस्थ, अक्षर उपासक, दूरदर्शी
योगीहरू पनि सखे गलिताऽऽभिमान
मैलाई पाउँछन यो सब सत्य जान ।

(४)

मानीसलाई तर पर्दछ केही धामा
अव्यक्तको उस गभीर उपासनामा
बाबू! तसर्थ तिमी कर्म ममा तमाम
सन्न्यस्त पारि बन भक्त, हटाउ काम।

(५)

मैमा लगाउ मन, बुद्धि ममा मिलाऊ
मैमाथि भक्तिरसका लहरी बहाऊ
तेसो भये विजय! वीर! विनाप्रयास
तिम्रो हुनेछ अबदेखि ममा निवास।

(६)

एकाग्र गर्न सहसा शकिँदैन चित्त
भन्छौ भने प्रिय सखे! उसका निमित्त
अभ्यास खूप गर, सो नभए सराग
सत्कर्म मात्र गर, छोडि फलाऽनुराग।

(७)

अभ्यास, बोध, मनको भजनैकतान
त्याग क्रिया फलविषे, इनमा प्रधान
अन्त्यान्त्यकै बुझ धनञ्जय पूर्वभन्दा
त्यागै भये सकल टर्छ अशान्ति-फन्दा।

(८)

जो द्वेष मान ममताऽऽदि कुनै लिँदैन

उन्मत्त खिन्न सुखदुःखविषे हुँदैन
सन्तुष्ट त्यो सुदृढनिश्चय निर्विकारी
मेरो महाप्रिय भनिन्छ, अनन्यचारी।

(९)
कत्ती हुँदैन जसदेखि उराठ लोक
जो लोकदेखि चिढिँदैन भई सशोक
उद्वेग-हर्ष-भयहीन उही विचारी
मेरो सखे! प्रिय भनेर गनिन्छ भारी।

(१०)
वास्ता कतैतिर नराखि बनी उदास
आनन्दसाथ रहने गलिताऽभिलाष
आरम्भहीन जुन हो उही धीर पार्थ!
मेरो महाप्रिय छ, जान तिमी यथार्थ।

(११)
जो शत्रु मित्र र तथा अपमान मान,
शीतोष्ण, दुःखसुखमा छ सदा समान
सर्वत्र तुष्ट समदर्शन त्यो विचारी
मेरो महाप्रिय भनेर भनिन्छ भारी।

(१२)
यो धर्म्य तत्त्ववचनाऽमृतमाथि भारी
श्रद्धा गरीकन सखे! मन शुद्ध पारी

जो जो उपासन सदा गरलान पार्थ !
मेरा सबै प्रिय तिनी बुझ्नू यथार्थ ।

# तेह्रौं अध्याय

(१)

यो पञ्चभूतमय देह सखे! विकारी
	हो क्षेत्र खास मनले बुझ सो विचारी
साक्षी भयेर जुन जान्दछ यो तमाम
	क्षेत्रज्ञ त्यो म छु अनिर्वचनीय राम।

(२)

यो भूतपञ्चक, अहंकृति, बुद्धि, वीर्य,
	अव्यक्त इन्द्रिय, मनः, सुख, दुःख, धैर्य,
विद्वेष-आदिक समस्त किरीटमाली!
	क्षेत्रै भनिन्छ बहुरूप विहारशाली।

(३)

हे पार्थ! काम, ममता, मद, दम्भ, मान,
	मात्सर्य, लोभ, रिस, राग, वृथाऽपमान,
चाञ्चल्य, संशय, अहंकृति आदि सारा
	छोडी दिनू, मति लिनू स्थिर निर्विकारा।

(४)

वैराग्य, शौच, गुरुसेवन, पुत्रदार,
        गेहादिमा अरुचि, तत्त्वविषे विचार,
शान्ति, क्षमा, भजनमा मन एकतान
        यो ज्ञान हो, इतर ता विपरीत जान।

(५)

ज्ञातव्य तत्त्व, सदसत्पर, विश्वकर्ता,
        आद्यन्तहीन गुणवर्जित, विश्वधर्ता
सूक्ष्माऽतिसूक्ष्म नबुझीशकनू छ भारी
        सर्वान्तरस्थ विभु निर्मल निर्विकारी।

(६)

साक्षी, सबैतिर शिरोवदनाऽऽदिशाली,
        निःसङ्ग, नित्यसुख, निश्चल कान्तिमाली,
अद्वैत, शुद्ध, गुणभासक, सर्वसार
        एकै छ पूर्ण विभु यो तमदेखि पार।

(७)

संक्षेपले गरि विभाग चतुष्क मैले
        क्षेत्राऽऽदिको जुन भनें तिमिलाई ऐले
मद्भक्त त्यो सब बुझीकन वीर! पार्थ!
        मद्भाव पाउँदछ शान्त भई यथार्थ।

(८)

प्यारा! सखे! प्रकृति पूरुष यी समान

दोटै अनादि छन यो तिमी सत्य जान
देखिन्छ जो गुण विकारमय प्रपञ्च
सम्पूर्ण त्यो प्रकृतिजन्य भनी भनिन्छ।

(९)

यो भोगमा प्रकृति कारणमात्र जान
भोक्ता छ दुःख सुखको पुरुष प्रधान
अध्यासले अगुण त्यो गुणमा परेर
जन्मान्तर ग्रहण गर्छ हरेक फेर।

(१०)

द्रष्टा स्वयं प्रकृतिको गुणभोगकारी
आत्मा सखे! परमपूरुष नामधारी
यै देहमा प्रकृति तद्‌गुणदेखि भिन्न
देखेपछि पछि-पछी फिर जन्म हुन्न।

(११)

संसारमा जति चराचर जीवजाति
उत्पन्न हुन्छ प्रिय! पार्थ! अनेक भाँती
क्षेत्रज्ञ क्षेत्र दुइको उस योगबाट
सम्पूर्ण त्यो समझ, संशय जाल काट।

(१२)

सारा क्रिया प्रकृतिका गुणबाट हुन्छ
आत्मा सदैव सबमा सम भै रहन्छ
द्रष्टा छ यो फगत, लिप्त कहीं हुँदैन

भन्ने कुरा जब बुझ्यो अनि बन्ध छैन।

(१३)

आत्मा अनादि गुणवर्जित यो छ खास
हे पार्थ। छैन यसको कहिल्यै विनाश
देहैविषे छ तपनी गरदैन केही
आकाश झैं अनुपलिप्त छ सूक्ष्म देही।

(१४)

जस्तो प्रकाशित छ यो भुवन-प्रदेश
एकै सहस्रकरका करले अशेष
क्षेत्री पनी प्रिय! सखे! सबतर्फ उस्तै
क्षेत्र प्रकाश गरदो छ सदा दुरुस्तै।

(१५)

सांख्योक्त यो प्रकृति मोक्ष र सूक्ष्म रम्य
क्षेत्रज्ञ क्षेत्र दुईको दृढ तारतम्य
जो ज्ञानदृष्टिकन खोलि विचार गर्छ
त्यो धीर पार्थ! सहजै भवसिन्धु तर्छ।

# चौधौं अध्याय

(१)

गर्छू म फेरि तिमीलाई यहाँ यथार्थ
ज्ञानोपदेश अति उत्तम, वीर ! पार्थ !
सारा महर्षि जसले गरी धैर्य धारी
पायेर सिद्धि, पहुँचे भवसिन्धु पारी ।

(२)

मेरो महद्वितत ब्रह्म छ योनि खास
दिन्छू म गर्भ उसमा जगदेकवास
त्यै गर्भबाट हुन जान्छ विनाप्रयास
सम्पूर्ण भौतिक चराऽचरको विकास ।

(३)

लाखौं थरी जुनिविषे भवचक्रचारी
उत्पन्न हुन्छन सखे ! जति मूर्तिधारी
त्यै ब्रह्म विस्तृत महत् तिनको प्रसूति
बीजप्रद प्रिय पिता म महाविभूति ।

(४)

सत्त्वाऽदि तीन गुण जो छन भासमान
साक्षात् तिनी प्रकृतिजन्य भनेर जान
बाबू ! तिनै प्रकृतिका गुणले गरेर
देही छ देहबिच बद्ध सदैव जान ।

(५)

सत्त्व प्रकाशक अनामय शुद्ध हुन्छ
त्यो ज्ञान शान्ति सुख निश्चय केही दिन्छ
हे पार्थ ! हेर त्यसमा मरने मनुष्य
आनन्दि लोकहरु पाउँछ त्यो अवश्य ।

(६)

तृष्णासमुद्भव रजोगुण रागरूप
कर्मप्रवृत्ति मनको गरिदिन्छ खूप
लोभाऽदिको जड छ यो, यसमा मरेर
कर्मिष्ठ लोकबिच पार्थ ! पुगिन्छ हेर ।

(७)

अज्ञानजन्य छ तमोगुण मोहकारी
निद्रा प्रमादहरुको गहिरो भकारी
शून्यप्रकाश बुझ यो यसमा शरीर
छोडे विमूढ जुनि मिल्छ सखे ! जरूर ।

(८)

हे पार्थ ! सत्त्वगुणको फल शान्तिधारा

टण्टा र दुःख रजको फल जान सारा
मोह प्रमाद सब हो तमको विकास
मिल्दैन कत्ति यसमा कहिल्यै प्रकाश।

(९)

हे पार्थ! उर्ध्व गति सात्त्विक भक्त लिन्छ
कर्मी रजोगुण हुने बिचमा रहन्छ
जो खास तामस छ मूढ तमःप्रधान
गाडिन्छ त्यो तलतलै यति सत्य जान।

(१०)

कर्तृत्वदेखि गुणमा गुणदेखि भिन्न
द्रष्टा तटस्थ भइ आफू सदा अनन्य
हे पार्थ! गर्छ गुण-लङ्घन जो मनुष्य!
बाँधिन्न त्यो विषय बन्धनले अवश्य।

(११)

त्यै बीचमा प्रणयपूर्वक चट्ट फेरि
सोधे पृथातनयले हरितर्फ हेरी
कस्तो भये त्रिगुणलङ्घन हुन्छ नाथ
यै बातमा छ अब उत्सुक यो अनाथ।

(१२)

मोह प्रवृत्ति र निवृत्ति तथा प्रकाश
इत्यादिमा छ जुन पार्थ! सखे उदास
निश्चेष्ट त्यो विषयले अविचाल्य धीर

जञ्जाल तोडदछ यो गुणको गभीर।

(१३)

तुल्य प्रियाऽप्रिय, सुखाऽसुखमा समान
मानाऽपमानसम, शत्रु-सुहृत् समान
आरम्भहीन, मणिलोष्टसमानदर्शी
जो हुन्छ त्यो त्रिगुणलङ्घक हो महर्षि।

(१४)

मेरो सखे! जुन अखण्डित भक्तिकारी
श्रद्धालु भक्तजन हो गहिरो विचारी
उम्केर त्यो पनि गुणत्रयबाट खास
ब्रह्मस्वरूप हुन जान्छ जगन्निवास।

(१५)

प्यारा! सखे! अमृत अव्ययको म निष्ठा
हूँ ब्रह्मको पनि सदोदित मै प्रतिष्ठा
मै हूँ निरन्तर सनातन धर्मधारी
मै हूँ अखण्डसुख निर्मल निर्विकारी।

# पन्ध्रौं अध्याय

(१)

ऊर्द्धस्थमूलक अधोगत लोकरूप
शाखा-सहस्र-परिपूर्ण बडो अनूप
छन्दोदलाऽङ्कित लसद्विषय-प्रवाल
उत्तुङ्ग कर्म-फलयुक्त महाविशाल ।

(२)

आद्यन्तहीन भवपिप्पल वृक्ष भारी
जो भासमान भरतर्षभ! यो छ जारी
सो जानने जुन छ निश्चल दूरदर्शी
वेदार्थ-विज्ञ उहि जान सखे! महर्षि ।

(३)

हे पार्थ! हेर उस उन्नत वृक्षलाई
एकै असङ्गमय शस्त्र कडा चलाई
ढालेर धाम उहि खोजनुपर्छ खास
आखीर छैन जसमा फिरने प्रयास ।

(४)

निर्मानमोह जितसङ्गम वीतदोष
        अध्यात्मनिष्ठ परिखण्डित-कामकोष
निर्द्वन्द्व नित्यसुख शान्त छ जो मनुष्य
        आवृत्तिहीन पद पाउँछ त्यो अवश्य।

(५)

सूर्याऽऽदिको पनि सखे! जसमा प्रकाश
        पुग्दैन जो छ परिपूर्ण स्वयंप्रकाश
अद्वैत, शुद्ध, गुणवर्जित त्यो प्रधान
        मेरो परम्पद भनीकन पार्थ! जान।

(६)

यो जीवलोकबिच शाश्वत जीवनाम
        मेरो छ अंश भरतर्षभ! जो तमाम
त्यो गन्धझैं पवनले मन इन्द्रियादि
        साथै लिई सतत फिर्छ सखे! अनादि।

(७)

योगी भयेर जुन गर्दछ नित्य यत्न
        त्यो आफुमै सहज पाउँछ आत्मरत्न
यत्नै गरे पनि अयुक्त मनुष्य पार्थ!
        जान्दैन आत्मपदको महिमा यथार्थ।

(८)

मै सर्वभासक सखे! म जगन्निवास

मै भूतधारक म सोमरसप्रकाश
मै जाठराऽग्नि सबको परिपाककारी
मै जीवजीवन निरञ्जन निर्विकारी।

(९)

सम्पूर्णका हृदयमा म बसीरहन्छू
ज्ञान, स्मृति प्रभृति मै सबलाई दिन्छू
मै वेद्य वेदहरुले, म छु वेदवेत्ता
वेदान्तकारक म संशय-जालछेत्ता।

(१०)

प्राणीहरू क्षर भनिन्छन लोकचारी
कूटस्थ चेतन छ अक्षर-नामधारी
तद्‌भिन्न पार्थ! पुरुषोत्तम ईश खास
अर्कै छ शुद्ध परिपूर्ण जगन्निवास।

(११)

बाबू! क्षराऽक्षर दुवै थरिदेखि भिन्न
आत्मा स्वयं परम उत्तम छू अनन्य
यै निम्ति वेदहरुमा पनि हेर– पार्थ!
मेरो छ नाम पुरुषोत्तम यो यथार्थ।

(१२)

यो जानि गैह्र पुरुषोत्तम तत्त्व गूढ
प्यारा! सखे! नभइ कत्ति पनि विमूढ

सर्वाऽत्मना भजनमा जुन मग्न हुन्छ
त्यो बुद्धिमान कृतकृत्य भई रहन्छ।

# सोह्रौं अध्याय

(१)

शान्ति, क्षमा, तप, दमाऽभय, सत्वशुद्धि,
स्वाध्याय, दान, करुणाऽऽर्जव, योगबुद्धि,
अक्रोध, सत्य, धृति, शौच र नाऽतिमान,
त्यागाऽऽदि गैह्र गुण दैव भनेर जान।

(२)

शान्त्यादि दैवगुण-भूषित धैर्यधारी
हे पार्थ! पुग्छ सहजै भवसिन्धु पारी
यो ख्याल राख तिमी दैव गुण-प्रधान
छौ, शोक व्यर्थ यसरी मनमा नमान।

(३)

पारूष्य, दर्प, मद, दम्भ, तथाऽभिमान,
अज्ञान, काम, छल, लोभ, पराऽवमान,
चिन्ता, अशौच, ममता, रिस, वैर, राग
हो आसुरी प्रकृतिका गुणको विभाग।

(४)

यी आसुरी प्रकृतिका गणले निबद्ध
मानीस काम-सुखलुब्ध छ जो अबुद्ध
त्यो आसुरी जुनिविषे चिरकाल पर्छ
जन्मन्छ मर्छ उहिमाफिक भोग गर्छ।

(५)

चिन्ता लिईकन बढाइ दुरन्त आशा
कामोपभोग मनले समभ्केर खासा
विद्रोह जीवहरुको गरदै अकार्थ
संसारमा सतत घुम्दछ मूर्ख पार्थ!

(६)

यस्तो गरें, यति भयो, अब यो गरूँला
होला यसो अनि म यो सुखमा परूँला!
इत्यादि यो दृढ मनोरथ पाश हाली
बाँधिन्छ मूर्खजन केवल कामशाली।

(७)

प्यारा! सखे! विजय! लोभ र काम, रोष
ढोका तिनै नरकका बुझ पूर्ण दोष
फर्काइ पीठ तिनितर्फ, रहे अवश्य
पायिन्छ मुक्तिपथको गहिरो रहस्य।

(८)

छोडेर शास्त्रहरुको गहिरो विधान

इच्छाऽनुरूप चलदा शुभ छैन जान
तस्मात् तिमी सकलशास्त्रहरू विचार
कर्तव्यको अनि समस्त निकाल सार।

# सत्रौं अध्याय

(१)

सत्वाऽदि तीन गुणका वशले गरेर
श्रद्धा पनी तिन थरी सबको छ हेर
श्रद्धा छ पार्थ ! जसको मनभित्र जस्तो
सोमाफिकै पुरुष आखिर हुन्छ उस्तो ।

(२)

हे पार्थ, सात्त्विक सधैं सुरभक्त हुन्छ
यज्ञादितर्फ मति राजसको रहन्छ
प्रेतादिको भजन गर्छ तमःप्रधान
सामान्य तीन गुणको यही भेद जान ।

(३)

देखाइ दम्भ, लिइ दुस्तर राग काम
शोषी अशास्त्रविधिबाट जिऊ तमाम
जो पार्थ ! घोर तप गर्छ नजानि तत्त्व
हो त्यो पनि फगत आसुर हीन-सत्त्व ।

(४)

आहारमा मधुर सात्त्विकको छ मुख्य
कट्वम्ल-रूक्षहरु राजसलाई मुख्य
दुर्गन्धि बासि अपवित्र सडे-पडेको
हो तामस-प्रिय भनी सबले कहेको।

(५)

जो वैध याग अफलेच्छु भई गरिन्छ
कर्तव्य जानिकन सात्त्विक त्यो भनिन्छ
दम्भार्थ वा फलनिमित्तक जौन हुन्छ
त्यो खालि राजस भनी सबले कहिन्छ।

(६)

श्रद्धा र शास्त्रहरुको विधि दूर सारी
मन्त्र क्रियाहरु सबै बरवाद पारी
जो दक्षिणारहित यज्ञ गरिन्छ पार्थ !
त्यो खालि तामस भनी बुझ्नू यथार्थ।

(७)

देव-द्विजाति-गुरु-पूजन-ब्रह्मचर्य
शौचाऽऽदि जान तप दैहिक वंशवर्य !
स्वाध्याय, शीतल सुखाऽऽवह बोलि शुद्ध
हो पार्थ ! वाचिक ठूलो तप सर्वसिद्ध।

(८)

सौम्यत्व, आत्मपदनिग्रह, भावशुद्धि,

चित्तप्रसाद, अनि मौनगुणाऽभिवृद्धि
इत्यादि मानसिक मानिसको प्रधान
हो वीर पार्थ! तप यो तिमी सत्य जान।

(९)

श्रद्धा बढाई, फलतर्फ नराखि आशा
जो जो गरिन्छ तप सात्त्विक त्यो छ खासा
उद्देश्य मानहरुको लिइ जो गरिन्छ,
हे पार्थ! त्यो सकल राजस नै भनिन्छ।

(१०)

उच्चाटनाऽऽदि अरुको गरना निमित्त
यद्वा दुराग्रह लिईकन दुर्निमित्त
जो घोर आत्म-परपीडनले गरिन्छ
हे पार्थ! उग्रतप तामस त्यो कहिन्छ।

(११)

दातव्य धर्म समभ्कीकन देश काल
पात्राऽऽदिको हृदयभित्र गरेर ख्याल
जो भक्तिले अनुपकारकमा दियिन्छ
त्यो दान शास्त्रबिच सात्त्विक हो भनिन्छ।

(१२)

जो दान हुन्छ फल प्रत्युपकारलाई
त्यो सम्भ्क राजस तिमी मनले ठमाई
हेला गरीकन कुपात्रविषे प्रदत्त

सम्पूर्ण दानकन तामस जान नित्य।

(१३)

ॐ तत्सदेव परमेश्वरको प्रधान
निर्देश हो त्रिविध यो पनि सत्य जान
विप्र, श्रुति ऋतुहरू पहिले यसैले
बाबू! प्रवर्तित समस्त थिये क्रमैले।

(१४)

यै निम्ति हे विजय! ॐ पहिले भनेर
यज्ञाऽऽदि कर्म बुधको चलदै छ हेर
तच्छब्द खालि फल-सूचकमात्र जान
बाबू! मुमुक्षु उसतर्फ दिँदैन ध्यान।

(१५)

सद्भाव-साधुपन-बोधनको निमित्त
सच्छब्द यज्ञहरुमा छ सदा प्रवृत्त
सद्भावले रहित जो तप दान हुन्छ
त्यो हो असत् उभयलोक बिगारिदिन्छ।

# अठारौं अध्याय

**अर्जुन–**

(१)

हे कंस-केशि-अरिमर्दन! दीननाथ!
श्रद्धा बढाइ प्रभुमा अब यो अनाथ
सन्न्यास त्याग दुईको स्थिर मुख्य भेद
केही सुनूँ कि भनि गर्छु यहाँ उमेद।

**श्रीकृष्ण–**

(२)

छोडीदिनू हृदयले सब काम्य कर्म
सन्न्यास हो भनि सखे! बुझ भित्रि मर्म
हे पार्थ! कर्मफल छोडिदिनू अशेष,
हो त्याग सर्वजनमान्य विशेष बेस।

(३)

संसारमा प्रियसखे! तप, यज्ञ, दान
इत्यादि कर्मकन पावन खास जान
छोडेर सङ्गफल यी सब भाँति भाँति
कर्तव्य जानि गरनू बहुतै छ जाती।

(४)

प्यारा! सखे! नियत कर्म छ जो प्रधान
सन्न्यास हुन्न उसको तिमी सत्य जान
त्यो कर्म मोह-वश छोडिदिनू अकार्थ
हो त्याग तामस भनी बुझ वीर! पार्थ!

(५)

टण्टा छ यो, कति गरूँ भनि दिक्क मानी
त्यागोक्त कर्मकन कत्ति पनि नजानी
छोडिदिनू बिचमहाँ करणीय कर्म
हो त्याग राजस त्यहाँ पनि छैन धर्म।

(६)

कर्तव्यमात्र समझीकन कर्मलाई
श्रद्धालु भै फल र सङ्ग दुवै हटाई
जो कर्म धीर जन गर्दछ नित्य पार्थ!
त्यै त्याग सात्त्विक भनिन्छ सखे! यथार्थ।

(७)

सम्पूर्ण कर्मकन छोडन देहधारी
बाबू! समर्थ जन छैन कुनै विचारी
जो धीर कर्मफल केवल छोडिदिन्छ
त्यागी भनेर उहि वास्तवमा कहिन्छ।

(८)

हे पार्थ! मिश्रित, अभीष्ट, अनिष्टरूप,

कर्माऽनुरूप फल भोग सदैव खूप
अत्यागयुक्त जनलाई परीरहन्छ
त्यागी मनुष्य सबमा फरकै रहन्छ।

(९)

आधार मुख्य पहिलो, करण द्वितीय,
कर्ता, अनेकविध चेष्टित, फेरि दैव
पाँचै यिनी सकल कर्मविषे प्रधान
हे पार्थ! हेतु छन यो पनि सत्य जान।

(१०)

यो कर्मको नबुझि भित्रि गभीर मर्म
आत्माविषे फगत त्यो सब कर्तृधर्म
आरोप गर्दछ सखे! जुन मन्दबुद्धि
त्यो हो अवश्य पनि अन्ध बडो कुबुद्धि।

(११)

जो भिन्न दैहिक अहङ्कृति भाववृद्धि
निर्लेप शान्त जसको छ सदैव बुद्धि
त्यो लोकघातक भए पनि बाँधिदैन,
हन्तृत्व दोष उसमा कहिल्यै हुँदैन।

(१२)

प्यारा! सखे! विजय! ज्ञान र फेरि काम
कर्ता तथा धृति मती सुख यी तमाम
सत्त्वाऽऽदिक प्रकृतिका गुणले गरेर

प्रत्येक तीन थरि हुन्छन पार्थ हेर ।

(१३)

संसारमा त्रिविध यी गुणले अबद्ध
प्राणी कुनै पनि सखे ! मिलदैन शुद्ध
जस्तै गरोस गुण एक न एक पार्थ !
लागी रहन्छ सबमा बुझ यो यथार्थ ।

(१४)

संसारमा विजय ! ब्राह्मण बाह्व जात
वैश्यांघ्रि-जन्यहरुको सब कर्मजात
खाली यही प्रकृतिको गुण-तारतम्य-
द्वारा विभक्त भइ चल्दछ योग्य रम्य ।

(१५)

यो भूतचक्र जसबाट चलीरहेछ
जो विश्वमा सतत व्यापक भै रहेछ
त्यै नित्य शुद्ध विभुको निजकर्मबाट
सेवा गरे पर भयिन्छ भवाऽब्धिबाट ।

(१६)

कस्तै भये पनि विधर्म भलो हुँदैन
जत्ती गरे पनि सखे ! फल पायिँदैन
बाबू ! स्वधर्म, विगुणै पनि योग्य हुन्छ
आखीरमा सकल पाप छुटाइदिन्छ ।

(१७)

तस्मात् तिमी हृदय बुद्धि र कर्म सर्व
मैमा समर्पण गरी नलियेर गर्व
संग्राम खूब गर, यो निजधर्म थाम
आखीर मिल्छ यसले अविनाशि धाम।

(१८)

प्यारा सखे! अझ पनी लडदीन पक्का
भन्छौ भने प्रकृतिले तिमिलाई धक्का
दिन्छे, अवश्य नलडी सुख पाउँदैनौ
सक्त स्वयं प्रकृतिलङ्घनलाई छैनौ।

(१९)

सर्वाऽत्मना हृदयमा स्थित शुद्धरूप
सर्वेशका शरणमा पर नित्य खूप
तेसो भये प्रिय! सखे! उसको प्रसाद
चाँडै हुनेछ, हटनेछ विपद् विषाद।

(२०)

जो ज्ञानको मधुर गोप्य रहस्य मैले
खोली दियें प्रणयले तिमिमा क्रमैले
राखेर भित्र मनमा उसको विचार
इच्छाऽनुसार हट वा गर वा प्रहार।

(२१)

मेरा बिछट्ट प्रिय छौ तिमि यै निमित्त

फेरी भयेर सहसा करुणाऽर्द्रचित्त
दिन्छू म एक अति गुह्यतमोपदेश
तिम्रो हुनेछ जसले पछिसम्म बेस।

(२२)

मद्भक्त होउ, मनलाई ममा मिलाऊ
मेरै सदा यजन वन्दनमा रमाऊ
तेसो गरेपछि ममा तिमी लीन हुन्छौ,
साँचो म भन्छु– प्रिय छौ, किन मुग्ध हुन्छौ।

(२३)

छोडेर भित्र मनले अरु धर्मजात
मेरै सदा शरणमा पर भक्तिसाथ
पक्का तिमीकन छुटाउँछु पापबाट
सुर्ता न ल्यौ, न हट यो निजधर्मबाट।

(२४)

एकाग्र भै सकल बात सुन्यौ सुनेनौ ?
भित्री रहस्यकन केही बुझ्यौ बुझेनौ ?
व्यामोहको हठ हट्यो कि हटेन ? पार्थ !
मेरा अगाडि सब त्यो भन लौ यथार्थ।

(२५)

यो कृष्णको मधुर दुर्लभ वाक्यरूप
पीयूष-पान गरि दंग भयेर खूप
हेर्दै सहर्ष हरिको हँसिलो मुहार

बोले धनञ्जय जयोन्मुख कीर्तिसार।

(२६)

सन्देह छैन मनमा प्रभुका कृपाले
शङ्का हट्यो स्मरण पाउन फेरि थालें
आज्ञा शिरोपर छ यो सब दीननाथ!
पक्रें धनू, लडदछू अब फूर्तिसाथ।

**गीतासार**
**समाप्त**